# रुन्टीगढी गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
होलेरी(भ्रेनाम) रोल्पा
५ नं. प्रदेश नेपाल

प.स. :०७७/०७८
च.नं. : ६८५

मिति : २०७७/०६/१९

**विषय : अध्यापन अनुमति पत्र वितरण सम्बन्धमा ।**

**श्री जो जससंग सम्बन्ध राख्दछ ।**

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाइ, रोल्पाको मिति २०७७।०६।१८ , च.नं.१६३ को प्राप्त पत्रानुसार शिक्षक सेवा आयोगबाट २०७६ साल अषाढमा प्रकाशित विज्ञापन अनुसार लिइएको अध्यापन अनुमति पत्रको परीक्षामा सफल उम्मेद्वारलाई वितरण गरिने अनुमति पत्र हाल कोभिड १९ बाट पर्न सक्ने असरलाई मध्यनजर गर्दै २०७७ साल असोज १८ गतेदेखि प्रत्येक हप्ता बुधवारका दिन रोल्पा जिल्लामा वितरण गरिने भएकाले सफल उम्मेदवारहरुले आवश्यक कागजात सहित तोकिएको निवेदनको ढाँचामा निवेदन पेश गरि अध्यापन अनुमति पत्र प्राप्त गर्नुहुन अनुरोध छ ।

उम्मेद्वारले निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु

१. आयोगद्वारा तोकिएको ढाँचा बमोजिमको पुर्ण रुपले भरिएको निवेदन ( निवेदनको ढाँचा यस सूचनासंग संलग्न गरिएको छ ।

२. परीक्षामा सामेल भएको प्रवेश पत्रको प्रतिलिपि ।

३. शैक्षिक योग्यता तथा तालिमका उम्मेदवार स्वयंद्वारा प्रमाणित प्रतिलिपिहरु (प्रवेशिका परीक्षादेखि तोकिएको न्युनतम शैक्षिक योग्यता उर्त्तीण भएका प्रमाणपत्रहरु )

४. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

५. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति ।

६. विदेशी शैक्षिक संस्थाबाट उर्त्तीण गरेको शैक्षिक प्रमाणपत्रहरुको हकमा समकक्षताको प्रमाणित प्रतिलिपि ( कक्षा १२ सम्मको पाठ्यक्रम विकास केन्द्रबाट र स्नातक वा सो भन्दा माथिको हकमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता प्रदान गरेको पत्र पेश गर्नुपर्नेछ ) ।

७. उम्मेदवारले आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपिहरुको फाईल तयार गरी फाइलको बाहिर पट्टी उम्मेदवारको नाम,थर,तह,विज्ञापन नं., रोल नं. र विषय अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

८. प्रवेशपत्र हराएको हकमा शिक्षक सेवा आयोगसंग सम्पर्क गरी लिन सकिनेछ ।

९. अध्यापन अनुमति पत्र सम्बन्धित उम्मेदवार स्वयंले लिनु पर्नेछ । उम्मेदवार स्वयं उपस्थित हुन नसकेको खण्डमा उपस्थित हुन नसक्नुको कारण सहित निजको मञ्जुरीनामा लिई आउने व्यक्तिले आफ्नो कागजात पेश गर्नुपर्नेछ ।

ईश्वरराज पाण्डेय
नि.प्रमुख प्रशासकीय अधिकृत

२०७७।०६।१९
ईश्वरराज पाण्डेय
निमित्त प्रमुख प्रशासकीय अधिकृत

रुन्टीगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होलेरी रोल्पा
प्रदेश नं. ५ नेपाल

अध्यापन अनुमतिपत्र प्राप्तिको लागि दिईने निवेदनको ढाँचा

श्री निर्देशक ज्यू
शिक्षा विकास निर्देशनालय
.. .. .. .. प्रदेश,.. .. .. .. .. ।

विषयः अध्यापन अनुमतिपत्र पाउँ भन्ने सम्वन्धमा ।

महोदय,

म शिक्षक सेवा आयोगको मिति २०७६/३/२ मा प्रकाशित विज्ञापन नं............. . रोल नम्वर ............ .... .......... TSCID .. .. .. .. .. ..................बाट प्राथमिक/निम्न माध्यमिक/माध्यमिक तहको ............. विषयको अध्यापन अनुमति पत्रको परीक्षामा उत्तीर्ण भएको हुनाले तपसिल अनुसारको कागजातहरुको प्रमाणित प्रतिलिपि संलग्न गरी अध्यापन अनुमति पत्रको प्रमाणपत्र पाउँ भनी अनुरोध गर्दछु ।

कागजातहरु

| सि.नं. | प्रमाणपत्रहरू | पेश भएको | | कैफियत |
|---|---|---|---|---|
| | | छ | छैन | |
| १. | नेपाली नागरिकताको प्रमाणपत्र | | | |
| २. | प्रवेश पत्र | | | |
| ३. | सम्बन्धित तहका विषय खुलेको शैक्षिक योग्यताको प्रमाणपत्र | | | |
| | क) प्रविणता प्रमाणपत्र वा सो सरह उत्तिर्ण गरेको प्रमाण पत्र | | | |
| | ख) स्नातक तह वा सो सरह उत्तीर्ण गरेको प्रमाण पत्र | | | |
| | ग) स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको प्रमाण पत्र | | | |
| ४. | सम्बन्धित तहको लागि आवश्यक तालिमको प्रमाणपत्र | | | |
| ५. | साविक उच्च माध्यमिक तहको अस्थायी अध्यापन अनुमतिपत्रको सक्कल प्रति (वि.नं.३५/०७६ को उम्मेदवारहरुका लागि मात्र) | | | |
| ६. | समकक्षताको प्रमाणपत्र (विदेशी बोर्डबाट उत्तिर्ण गरेकाको हकमा) | | | |
| ७. | हालसालै खिचिएको अटो साइजको २ प्रति फोटो | | | |

माथि उल्लेखित विवरण ठिक साँचो हो, झुठो ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला

निवेदकको नामः  दस्तखतः

.......................... कार्यालय प्रयोजनको लागि............ ..... .. .. .. .. .. .. .. .. ..

रुजु गर्ने
नामः
पदः
दस्तखतः
मिति

प्रमाणित गर्ने
नामः
पदः
दस्तखतः 2066106195
मिति

ईश्वरराज पान्डेय
निमित्त प्रमुख प्रशासकीय अधिकृत

...l/0/?tab=rm#inbox/FMfcgxwJZJXZshKjNwFgDGBBctpQkgKm?projector=1&messagePartId=0.1